गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# गण्डकी आयुर्वेद औषधालयल

आयुर्वेदिक मार्ग, लेखनाथ, कास्की
गण्डकी प्रदेश
मिति :-२०८०।१०।०३

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित विबरण

आ. ब. २०८०।०८१ दोस्रो त्रैमासिकको (२०८० कार्तिक देखि पौष मसान्त सम्म)

**१. कार्यालयको स्वरुप र प्रकृतिः**

आयुर्वेद चिकित्सा वैदिक कालदेखि शास्वत रुपमा चल्दै आएको चिकित्सा हो । वि. सं. २०२४ मा यस कार्यालय गण्डकी अञ्चल आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थापना भएको थियो । त्यस पछि वि. सं. २०५८ मा आयुर्वेद विभागबाट जिल्लामा रहेका साधारण औषधालयहरुको आर्थिक कारोबार जिल्लास्तरीय कार्यालयबाट गर्ने निर्णय भए अनुसार सदरमुकाम बाहिर रहेका जिल्लास्तरीय कार्यालयहरु जिल्ला सदरमुकाम ल्याउने नीति अनुसार लेखनाथ ३ अर्घौमा रहेको लेखनाथ आयुर्वेद औषधालयको भवनमा स्थानान्तरण गरि यहाँ स्थित औषधालयलाई वेगनास आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थानान्तरण गारिएको थियो । यसपछि निरन्तर रुपमा यस कार्यालय संचालनमा रहेको छ । देशको संघिय संरचना अनुसार यस कार्यालय प्रदेश अन्तर्गत रही गण्डकी प्रदेश सरकारको २०७७ वैशाख २३ को निर्णय अनुसार गण्डकी आयुर्वेद औषधालय को नाममा रहेको छ । यस कार्यालयले स्थापना देखिनै आयुर्वेद चिकित्सा सेवा दिदैं आइरहेको छ ।

**२. कार्यालयको काम, कर्तव्य र अधिकार :**

- नेपाल तथा सरकारद्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कायक्रहरु गर्ने ।
- कास्की जिल्लामा संचालित आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा संञ्चालन गर्ने सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको अनुगमन, निरिक्षण, स्वीकृति तथा आवश्यक मार्गदर्शन दिने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरु गर्ने ।

**३. क) कर्मचारी दरवन्दी तेरिज र पदपूर्ति विवरण :**

| क्र. सं. | पद | सेवा | समुह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | स्वास्थ्य | आयुर्वेद | आठौं | १ | १ | ० | |
| २ | कविराज | स्वास्थ्य | आयुर्वेद | पाचौं/छैठौं/सातौं | १ | १ | ० | |
| ३ | वैद्य | स्वास्थ्य | आयुर्वेद | चौथौ/पाचौं/छैठौं | १ | १ | ० | |
| ४ | सह/लेखापाल | प्रशासन | लेखा | पाचौं/छैठौं/सातौं | १ | १ | ० | |
| ५ | कार्यालय सहयोगी | प्रशासन | प्रशासन | श्रेणी विहिन | २ | २ | १ | १ करार |

**ख) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य बिवरण :**

| क्र.स. | पद (हालको) | तह/श्रेणी | कर्मचारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौं | डा. कुमार कासुला | कार्यालय प्रमुख | |
| २ | कविराज निरिक्षक | छैठौं | श्री रामकृष्ण भूजेल मगर | प्रशासन, सूचना अधिकारी, भण्डार शाखा | |
| ३ | वैद्य निरिक्षक | छैठौं | श्री सीता शर्मा | तथाङ्क | |
| ४ | लेखापाल | पाचौं | श्री कृष्ण प्रसाद पौडेल | लेखा तथा आर्थिक प्रशासन | |
| ५ | कार्यालय सहयोगी | श्रेणीविहिन पाचौं | श्री बाबुराम भण्डारी | | |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्री शोभा खनाल | करार | ०८० पौष मसान्त |
| ७ | अभ्यङ्गकर्ता | | श्री कविता अधिकारी | करार कार्यक्रम | ०८० पौष मसान्त |
| ८ | अभ्यङ्गकर्ता | | श्री सन्तोष भुजेल | करार कार्यक्रम | ०८० पौष मसान्त |
| ९ | अ. न. मी | चौथो | श्री नितु त्रिपाठी | करार कार्यक्रम | ०८० चैत्र मसान्त |
| १० | आयुर्वेद चिकित्सक | आठौं | डा. प्रदिप अधिकारी | छात्रवृत्ति करार | ०८० फागुन १७ |
| ११ | वैद्य | चौथो | श्री अनिश कुमार दास | करार नागरिक आ.से. केन्द्र, सिक्लेस मादी १ | ०८० पौष मसान्त |
| १२ | वैद्य | चौथो | श्री जमुना लामिछाने | करार नागरिक आ.से. केन्द्र,नागडाँडा अन्नपूर्ण १ | ०८० पौष मसान्त |
| १३ | कविराज | पाचौ | श्री गोविन्द आचार्य | करार नागरिक आ.से. केन्द्र,पुम्दीभुम्दी,पोखरा २२ | ०८० पौष मसान्त |

**४. कार्यालयबाट प्रदान गरिने सेवा :**

विरामी परिक्षण तथा निःशुल्क औषधी वितरण

प्रयोगशाला सेवा(सशुल्क)

जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम

स्वस्थ जिवन कार्यक्रम

स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक औषधी वितरण

पंचकर्म अन्तर्गतको पूर्वकर्म अर्थात स्नेहन, स्वेदन, जानु वस्ति, कटि वस्ति, शिरोधारा आदि

विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम

स्वास्थ्य जीवनशैली परिवर्तन कार्यक्रम

सरोकारवालाहरुलाई स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण र प्रयोगका लागि अभिमुखीकरण कार्यक्रम

महिला स्वयंसेविकाहरुलाई आयुर्वेद सम्बन्धी अभिमुखीकरण कार्यक्रम

गृहिणीहरुलाई भान्छा सुधार कार्यक्रम

ट्राफिक प्रहरीहरुलाई जलनेती तथा नस्य कार्यक्रम

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :

| क्र सं. | सेवाको किसिम | कोठा नं. | उपलब्ध सेवाहरु | समय | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार शाखा तथा कर्मचारी | गुनासो सुन्ने अधिकारी/कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | विरामीको नाम दर्ता | | सोधपुछ/ नाम दर्ता | १००० देखि ३०० बजे सम्म शुक्रबार १००० देखि २०० बजे | नि:शुल्क | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| २ | बहिरङ्ग सेवा ओ.पी.डि | १ | विरामी परिक्षण | विरामीको स्वास्थ्य परिक्षण परामर्श तथा उपचार | नि:शुल्क | तुरुन्त | प्राविधिक कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| ३ | प्रयोगशाला सेवा/ल्याब सेवा | ४ | रगत, दिसा, पिशाब, आदिको परिक्षण | विहान १००० बजे देखि ३०० बजे सम्म | नियमानुसार शुल्क लाग्ने | परामर्श अनुसार | प्राविधिक कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| ४ | पञ्चकर्म/ पुर्वकर्म सेवा | ५ | स्नेहन, स्वेदन, शिरोधारा, वस्ति, नस्य, आदि | ११०० देखि ३०० बजेसम्म | नियमानुसार शुल्क लाग्ने | परामर्श अनुसार | सम्बन्धीत शाखा/प्राविधिक कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| ५ | शल्य चिकित्सा सेवा | ६ | क्षारसूत्र कक्ष | ११०० देखि ३०० बजेसम्म | नियमानुसार शुल्क लाग्ने | परामर्श अनुसार | सम्बन्धीत शाखा/प्राविधिक कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| ६ | औषधि वितरण | २ | औषधि वितरण कक्ष | १००० देखि ३०० बजे सम्म शुक्रबार १००० देखि २०० बजे | नि:शुल्क | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| ७ | जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन सेवा | १२ | रसायन औषधि वितरण जेष्ठ नागरिक परिचय पत्र आवश्यक | १००० देखि ३०० बजे सम्म शुक्रबार १००० देखि २०० बजे | नि:शुल्क | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| ८ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ स्तन्यवर्धक औषधि वितरण | १२ | दुग्धवर्धक औषधि वितरण | १००० देखि ३०० बजे सम्म शुक्रबार १००० देखि २०० बजे | नि:शुल्क | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| ९ | जीवनशैली परिवर्तन तथा योग | ७ | योग अभ्यास तथा स्वस्थ रहने परामर्श | कार्यालयको तालिका अनुसार | नि:शुल्क | तुरुन्त | सम्बन्धीत शाखा/कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |
| १० | लेखा तथा प्रशासनिक कार्य | ९ | लेखा र प्रसासन सम्बन्धी कार्यहरु | १००० देखि ५०० बजे सम्म शुक्रबार १००० देखि ३०० बजे | नियमानुसार | नियमानुसार | सम्बन्धीत शाखा/कर्मचारी | कार्यालय प्रमुख/ कोठा नं. ११ |

नागरिक वडापत्रमा उल्लेख भए अनुसार तथा ऐन कानूनमा तोकिए बाहेक सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि नियमानुसार हुनेछ ।

**६. निर्णय गर्ने प्रक्रिया र अधिकार :** यस कार्यालयका कार्यालय प्रमुख

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारी :** कार्यालय प्रमुख

**८. सम्पादन गरेको कामको विवरण :**

**पुँजीगत बजेट अन्तर्गत।**

- कार्यालयको भवन मर्मत तथा सम्भारको लगत इस्टिमेट तयार गर्नको लागि पूर्वाधार विकास कार्यालयबाट इन्जिनियर खटाइ सहयोग गर्न पत्राचार पछि इन्जिनियरबाट लगत इस्टिमेटको लागि नाप जाचँ कार्य सम्पन्न ।

**सामानिकरण बजेट अन्तर्गत**

- औषधालयमा आउने विरामीहरुको परिक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको ।
- पञ्चकर्म(पुर्वकर्म), क्षारसूत्र, स्वास्थ्य जीवनशैली परमर्श, जेष्ठ नागरिक कार्यक्रम संचालन गरिरहेको ।
- मिति २०८०।०७।०२ नागरिक आरोग्य सेवा केन्द्र, नागडाडाँमा अनुगमन निरिक्षण साथै स्थलगत अनुशिक्षण कार्य सम्पन्न गरियो ।
- मिति २०८०।०७।२५ धन्वतरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस नव निर्मित धन्वन्तरीको मूर्ति अनावरण एवं पूजा आजा गरी सम्पन्न गरियो ।
- मिति २०८०।०८।२० नागरिक आरोग्य सेवा केन्द्र, पुम्दीभुम्दीमा अनुगमन निरिक्षण साथै स्थलगत अनुशिक्षण कार्य सम्पन्न गरियो ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अन्तरगत मिति २०८०।०८।२६ गते देखि मादी गाउँपालिका १, सिक्लेस स्थित श्री अन्नपूर्ण मा. वि. का ४० विद्यार्थी एवं ४ शिक्षकहरुलाई ४ दिने आयुर्वेद तथा योग सम्बन्धी अभिमुखिकरण तथा योगाभ्यास गराइयो ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अन्तरगत मिति २०८०।०९।२२ गते देखि पोखरा महानगरपालिका ६, वैदाम स्थित श्री केदारेश्वर वैदिक गुरुकुल विद्याश्रमका ६० विद्यार्थी एवं १ शिक्षकहरुलाई ४ दिने आयुर्वेद तथा योग सम्बन्धी अभिमुखिकरण तथा योगाभ्यास गराइयो ।
- मिति २०८०।०९।२६ गते स्थनीय तहको सहकार्यमा सरोकारवालाहरुलाई स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण र प्रयोगका लागि अभिमुखीकरण कार्यक्रम मादी गाउँपालिका याञ्जाकोटमा ३० जना सहभागीहरुलाई अभिमुखीकरण गराइ सम्पन्न गरियो ।

**सशर्त बजेट अन्तर्गत**

- औषधालयमा आउने विरामीहरुको परिक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको ।

- पञ्चकर्म(पुर्वकर्म), क्षारसूत्र, स्वास्थ्य जीवनशैली परमर्श, जेष्ठ नागरिक कार्यक्रम संचालन गरिरहेको ।
- स्तनपायी/सुत्केरी आमाहरुलाई कार्यालयबाटै दुग्धबर्धक औषधि वितरण गरिरहेको ।
- कार्यालयलाई आवश्यक औषधी खरिदको लागि प्राप्त बजेटबाट खरिद कार्य सम्पन्न गरियो ।
- मिति २०८०।०७।१७ गते पोखरा महानगरपालिका २६ सिलिङ्गेमा ९१ जनाको स्वास्थ्य परीक्षण, ब्लड सुगर जाँच तथा औषधी वितरण गरी जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्धन सेवा कार्यक्रम सम्पन्न गरियो ।

**९. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

डा. रामकृष्ण भूजेल मगर, कविराज निरिक्षक, **सूचना अधिकारी**, ९८५६०४८७९९
डा. कुमार कासुला, आयुर्वेद चिकित्सक, **कार्यालय प्रमुख**, ९८५६००५५२८

**१०. ऐन, नियम, बिनियम वा निर्देशिकाको सूची :**

- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
- आयुर्वेद स्वास्थ्य नीति, २०५२
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली २०५५
- स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०
- आयुर्वेद सेवा कार्यक्रम संचालन निर्देशिका, २०७१
- वार्षिक रुपमा प्राप्त हुने आयुर्वेद सेवा संचालन मार्गदर्शन

**११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक बिवरण :**

| बजेट/ब.उ.शी. नं. | विनियोजित बजेट | २०८० असोज मसान्त सम्मको खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु/३५००३०१५३ | १,१७,८३,००० | २४,४४,९३८ | २०.७५ | |
| पुँजीगत/३५००३०१५४ | १२,५०,००० | ० | ० | |
| शसर्त/३५०९११३३३ | ३०,३८,००० | १४,९७,४०९ | ४९.२९ | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम शसर्त/३५०९११३२३ | ४,५५,००० | ३,०४,४२२ | ६६.९१ | |

**१२. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण :-** www.gaa.gandaki.gov.np

**१३. सार्वजनिक निकायको परेका सूचना माग सम्बन्धी निवेदन र सूचना उपलब्ध गराएको विवरण** :- माग नभएको